देवदह नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

केरवानी, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

☎: ०७१–५७७२९२

देवदह नगरपालिका नगर कार्यपालिकाको कार्यालय केरवानी, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल २०७३

## नदीजन्य पदार्थको उत्खनन् ,घाटगद्दी एव बिक्री कार्यको बोलपत्र आव्हान सम्बन्धित सूचना

(विधुतिय बोलपत्र)

(दोस्रो पटक प्रकाशित मिति २०८१-१२-१७)

स्थानिय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६२(क), नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको ढुङ्गा, गिट्टी, बालुवा विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७, देवदह नगरपालिकाको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधी २०७७ को प्रथम संसोधन २०७९ लगायतको व्यवस्था बमोजिम तपसिलमा उल्लेखित खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन् एव बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनी तथा सप्लार्यसहरुले मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, नविकरण भएको प्रमाणपत्रका प्रतिलिपीहरु संलग्न गरी बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क.स. | बोलपत्र नं | खोला/ क्षेत्रको नाम | वडा | नदिजन्य पदार्थ संकलन गरिने स्थान | | उत्खनन् गर्नुपर्ने परिमाण घ.मि(घ.फु) | न्युनतम कबोल रकम रु मु अ कर बाहेक | धरौटी | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अपर पोइन्ट | लोअर पोइन्ट | | | | |
| १ | MUN-RM-01-081-82 | टटेरा भस्कट | ३ | 27.613644°N, | 27.613039°N, | २७०० (९५३५०.५) | १४,४०,८५२.०० | मु.अ.कर सहितको कबोल अंकको ५ प्रतिशतले हुने रकमको बैंक भौचर वा सो बराबरको बैंक जमानत | ३०००। |
| | | | | 83.542806°E | 83.543006°E | | | | |
| | | बसन्तपुर भस्कट | ३ | 27.605738°N, | 27.605011°N, | २४०० (८४७५६.०) | | | |
| | | | | 83.550074°E | 83.550041°E | | | | |
| | | | | 83.537552°E | 83.536939°E | | | | |
| २ | MUN-RM-04-081-82 | सिक्टहन २ भस्कट | ११ | 27.562547°N, | 27.561492°N, | ४८०० (१६९५१२) | १३,५६,०९६.०० | | ३०००। |
| | | | | 83.535239°E | 83.536861°E | | | | |
| ३ | MUN-RM-05-081-82 | सिक्टहान ३ भस्कट | ११ | 27.564632°N, | 27.563360°N, | १३०० ४५९०९.५ | १०,९०,५२७.२० | | ३०००। |
| | | | | 83.534420°E | 83.534663°E | | | | |
| | | सिक्टहन ४ भस्कट | ११ | 27.566561°N, | 27.565236°N, | २५६० (९०४०६.४) | | | |
| | | | | 83.533686°E | 83.534389°E | | | | |

कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

देवदह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

| क.स. | बोलपत्र नं | खोला/ क्षेत्रको नाम | वडा | नदिजन्य पदार्थ संकलन गरिने स्थान | | उत्खनन् गर्नुपर्ने परिमाण घ.मि(घ.फु) | न्युनतम कबोल रकम रु मु अ कर बाहेक | धरौटी | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अपर पोइन्ट | लोअर पोइन्ट | | | | |
| ४ | MUN-RM-07-081-82 | रोहिणी राजमार्ग पुल भन्दा माथिको खण्ड १ (उपखण्ड क) ग्रा | १० | 27.665819°N<br>83.517369°E | 27.665375°N<br>83.517183°E | १२५० (४४१४३.७५) | ६०,१५,२०३.९५ | | ३०००। |
| | | रोहिणी राजमार्ग पुल भन्दा माथिको खण्ड १ (उपखण्ड ख) भ. | १० | 27.665375°N<br>83.517183°E | 27.664617°N<br>83.516544°E | २५०० (८८२८७.५) | | | |
| | | रोहिणी राजमार्ग पुल भन्दा माथिको खण्ड २ । ग्रा. | १० | 27.663992°N<br>83.516350°E | 27.663544°N<br>83.516728°E | १६२० (५७२१०.३) | | | |
| | | रोहिणी राजमार्ग पुल भन्दा माथिको खण्ड ३( उपखण्ड क) । ग्रा. | १० | 27.663389°N<br>83.519228°E | 27.662889°N<br>83.519839°E | २८०० (९८८८२.०) | | | |
| | | रोहिणी राजमार्ग पुल भन्दा माथिको खण्ड ३(उपखण्ड ख) भ. | १० | 27.662889°N<br>83.519839°E | 27.662553°N<br>83.520075°E | ९६० (३३९०२.४) | | | |
| | | रोहिणी राजमार्ग पुल भन्दा माथिको खण्ड ४ (उपखण्ड क) भ. | १० | 27.661600°N<br>83.520825°E | 27.661333°N<br>83.521250°E | ११२५ (३९७२९.३८) | | | |
| | | रोहिणी राजमार्गपुल भन्दा माथिको खण्ड ४(उपखण्ड ख) ग्रा | १० | 27.661333°N<br>83.521250°E<br>83.567756°E | 27.661233°N<br>83.521733°E<br>83.566350°E | १०१२.५ (३५७५६.४४) | | | |

कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

नोटः माथि तालिकामा उल्लेख गरिएको नदिजन्य पदार्थको विवरण देवदह नगर कार्यपालिकाको मिति २०८१/०९/१७ गतेको बैठकबाट IEE स्वीकृत गरे बमोजिम भएको र मिति २०८१/१०/२४ गतेको बैठकबाट IEE अनुसारको परिमाण व्यवस्थापनको लागि ठेक्का प्रकृयामा जाने निर्णय गरे बमोजिम प्रथम पटकको सूचना प्रकाशित भई बोलपत्र प्रस्ताब नपरेको खोला खण्डहरुको हकमा कार्यपालिकाको मिति २०८१/१२/१४ गतेको बैठकको निर्णय अनुसार दोस्रो पटकको सूचना प्रकाशित गरिएको ।

**ठेक्का बन्दोवस्ति सम्बन्धि शर्तहरुः**

१. फर्मको नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१को करचुक्ता प्रमाणपत्र प्रतिलिपि, बोलपत्र फारम दस्तुर वापतको रकम देवदह नगरपालिका कार्यलयको नाममा रहेको NIC ASIA बैंकको ग-१.१ अन्तरिक राजस्व खाता नं ०१५२०५००२९५७२००२ मा ठेक्का नं र बोलपत्रदाताको नाम समेत उल्लेख गरि तोकिए बमोजिमको रकम दाखिला गरेको बैंक भौचर पेश गरी www.bolpatra.gov.np/egp बाट बोलपत्र फारम डाउनलोड गर्न सकिन्छ। Letter of Bid लाई ठेक्काको अभिन्न अंग मानिनेछ।

२. बोलपत्र दाखिला गर्दा बोलपत्र खरिद दस्तुर रसिदलाई बोलपत्र सम्बन्धि कागजात साथ संलग्न गरि यो सुचना प्रकाशित भएको मितिले १६ औ दिन दिनको १२ बजे भित्र www.bolpatra.gov.np/egp मार्फत पेश गर्नुपर्नेछ ।

३. फर्मले कबोल गरेको अंकमा मु.अ.कर समेत जोडी हुन आउने रकमको ५% धरौटी रकम NIC ASIA बैंकमा रहेको यस देवदह नगरपालिका कार्यलयको ग-१.१. स्थानिय तह धरौटी खाता नं १५CA०५१२७६६५२४०१ मा जम्मा गरी सो को भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरि कम्तिमा १२० दिनको म्याद सहित जारी गरिएको बिडबण्ड बोलपत्र साथ समावेश गर्नुपर्नेछ ।

४. रितपूर्वक पर्न आएका बोलपत्र सम्बन्धि कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता फर्मका प्रोपराइटर वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यलयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन विदा परेमा सो कार्य विदा सकिए पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

५.बोलपत्र सम्बन्धि थप जानकारी बोलपत्र फारममा उल्लेख गरिएको हुँदा सोही फारमबाट अवगत गर्न वा यस कार्यलयमा सम्पर्क गर्न अनुरोध छ। रित नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्विकार गर्न यस कार्यालय बाध्य हुनेछैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. बोलपत्र स्वीकृत भई आशयको सूचना राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित भएको मितिले ७ दिन भित्र मु.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको शत प्रतिशत (नगद, बैङ्क भौचर सहित) हुन आउने रकम अनिवार्य रुपमा यस कार्यालयमा बुझाउनु पर्नेछ। साथै बोलपत्र कबोल गर्ने फर्मले आफुले कबोल गरेको अंकको १३% मुल्य अभिवृद्धि कर र १.५% अग्रिम आय कर आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको भौचर समेत यस कार्यालयमा पेश गर्नुपर्नेछ।

७. क) स्वीकृत दरभाउपत्रदाता/बोलपत्रदाताले तोकिएको म्याद भित्र रकम दाखिला नगरेमा निजको(फर्म) नाममा रहेको धरौटी रकम जफत गरी कालोसूचीमा राख्न यस कार्यालयमा गठित मुल्याङ्कन समितिले

कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नेछ ।

ख) तत्पश्चात दोस्रो कबोलदातालाई रकम सहित सम्झौताका लागि ७ दिनको म्याद दिई सूचना दिनुपर्नेछ र तोकिएको म्याद भित्र रकम दाखिला नगरेमा निजको नाममा रहेको धरौटी जफत गरी कालोसूचीमा राख्न यस कार्यालयमा गठित मुल्याङ्कन समितिले सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नेछ।

ग) तत्पश्चात तेस्रो कबोलदातालाई रकम सहित सम्झौताका लागि ७ दिनको म्याद दिई सूचना दिनुपर्नेछ र तोकिएको म्याद भित्र रकम दाखिला नगरेमा निजको नाममा रहेको धरौटी जफत गरी कालोसूचीमा राख्न यस कार्यालयमा गठित मुल्याङ्कन समितिले सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नेछ।

९. यस नगरपालिकालाई नदिजन्य पदार्थ सम्बन्धी कुनै राजस्व असुली रकम तिर्न बाँकी भएका फर्म/सप्लार्यसको दरभाउपत्र/बोलपत्र स्वीकृत गरिनेछैन ।

१०. स्वीकृत बोलपत्रदाता/दरभाउपत्रदातालाई कार्यालय (वातावरण वा राजस्व शाखा)ले प्रमाणित बिक्री रसिद/आदेश जारी गर्नुपर्नेछ।

११. फर्म, कम्पनी तथा सप्लार्यसहरुले बोलपत्र पेश गर्न चाहेको खोला खण्डको स्थलगत अवलोकन गरेर मात्र बोलपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ। साथै बोलपत्र पेश गरिसकेपछि कुनै पनि किसिमको विवाद गर्न पाईने छैन्, कुनै पनि किसिमको विवाद सिर्जना भएमा कार्यलयको निर्णय अन्तिम हुनेछ।

१२. बिद्यालय लगायत अन्य सार्वजनिक जमघट हुने कार्यालय / स्थानको छेउछाउबाट ओसारपसार कार्य नगर्ने र बिद्यालय जाने र फर्कने समय तथा स्थानीय चाडवाड, मेला, महोत्सव आदिको दिनमा समेत ओसारपसार कार्य नगर्ने ।

१३. प्रस्तावित क्षेत्रहरु राजमार्गबाट कच्ची बाटोमा रहेकोले ओसारपसार कार्य गर्दा कच्ची बाटोमा धुलो उडी बायु प्रदुषण, बस्तिहरुमा ध्वनि प्रदुषण, बाटो बिग्रने आदि हुनसक्ने भएकोले सो प्रभाव न्यूनीकरणको उपायहरु अपनाउनु पर्ने ।

१४. प्रस्तावित क्षेत्रहरु राजमार्गबाट कच्ची बाटोमा रहेकोले ओसारपसार कार्य गर्दा कच्ची बाटोमा धुलो उडी बायु प्रदुषण, बस्तिहरुमा ध्वनि प्रदुषण, बाटो बिग्रने आदि हुनसक्ने भएकोले सो प्रभाव न्यूनीकरणको उपायहरु अपनाउनु पर्ने ।

१५.अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत